आज मिति २०७४।११।२७ गतेका दिन, दिउँसो ११ बजे नेपालको संविधानको भाग १९, धारा २२३ उपधारा १ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १९ बमोजिम इलाम नगरपालिकाको दोस्रो नगरसभा इलाम नगरपालिकाका प्रमुख श्री महेश बस्नेतज्यूको अध्यक्षता एवम् उपप्रमुख, वडाध्यक्ष, नगर कार्यपालिका सदस्य र देहायानुसारका वडा सदस्यहरुको उपस्थितिमा बैठक बसी निम्न निर्णय गरियो ।

**उपस्थिति**

| | | | |
|---|---|---|---|
| प्रमुख श्री महेश बस्नेत | दस्तखत | वडा सदस्य श्री उदय ब. खत्री | दस्तखत |
| उपप्रमुख श्री सुशिला नेम्वाङ्ग | अनुपस्थित | वडा सदस्य श्री सिता बराल | दस्तखत |
| वडाध्यक्ष श्री अम्बिका गौतम | दस्तखत | वडा सदस्य श्री सुशीला बि.क. | दस्तखत |
| वडाध्यक्ष श्री नारदप्रसाद लम्साल | दस्तखत | वडा सदस्य श्री विष्णु सुब्बा | अनुपस्थित |
| वडाध्यक्ष श्री तीर्थराज गुरुङ्ग | दस्तखत | वडा सदस्य श्री ज्ञानेन्द्र निरौला | दस्तखत |
| वडाध्यक्ष श्री नूतनदेव दुलाल | दस्तखत | वडा सदस्य श्री बलिमाया घतानी | दस्तखत |
| वडाध्यक्ष श्री ठाकुरनारायण श्रेष्ठ | दस्तखत | वडा सदस्य श्री गृष्म सुब्बा | दस्तखत |
| वडाध्यक्ष श्री माधवप्रसाद भट्टराई | दस्तखत | वडा सदस्य श्री टंक ब. खत्री | दस्तखत |
| वडाध्यक्ष श्री नरेश श्रेष्ठ | दस्तखत | वडा सदस्य श्री धनबहादुर श्रेष्ठ | दस्तखत |
| वडाध्यक्ष श्री होमबहादुर बस्नेत | दस्तखत | वडा सदस्य श्री दुर्गा श्रेष्ठ | दस्तखत |
| वडाध्यक्ष श्री श्यामकृष्ण घिमिरे | दस्तखत | वडा सदस्य श्री बसन्ती घतानी | दस्तखत |
| वडाध्यक्ष श्री रोमबहादुर लुङ्गेली | दस्तखत | वडा सदस्य श्री केशव प्रसाद खत्री | दस्तखत |
| वडाध्यक्ष श्री रविन एक्तेन | दस्तखत | वडा सदस्य श्री सञ्जीव राई | दस्तखत |
| वडाध्यक्ष श्री लाखमान लिम्बू | दस्तखत | वडा सदस्य श्री गोमादेवी आचार्य | दस्तखत |
| न.का.सदस्य श्री चित्रमाया गुरुङ्ग | दस्तखत | वडा सदस्य श्री सीता नेपाली | दस्तखत |
| न.का.सदस्य श्री सीता रिजाल | दस्तखत | वडा सदस्य श्री डाकप्रसाद दुलाल | दस्तखत |
| न.का.सदस्य श्री सानु दास | दस्तखत | वडा सदस्य श्री श्रीबहादुर तामाङ्ग | दस्तखत |
| न.का.सदस्य श्री इन्दिरा पौडेल क्षेत्री | दस्तखत | वडा सदस्य श्री कमला दहाल | दस्तखत |
| न.का.सदस्य श्री सावित्री राई | दस्तखत | वडा सदस्य श्री सीता मगराती | दस्तखत |
| न.का.सदस्य श्री पृथसिं सुनुवार | दस्तखत | वडा सदस्य श्री शेरबहादुर खड्का | दस्तखत |
| न.का.सदस्य श्री श्यामकमल मुखिया | दस्तखत | वडा सदस्य श्री रुद्र बिष्ट | दस्तखत |
| न.का.सदस्य श्री गीताराम विश्वकर्मा | दस्तखत | वडा सदस्य श्री बिमला बराइली | दस्तखत |
| सचिव श्री महेन्द्रकुमार खाम्याहाङ्ग | दस्तखत | वडा सदस्य श्री धर्ममणि गौतम | दस्तखत |
| वडा सदस्य श्री पवित्रा रसाइली | दस्तखत | वडा सदस्य श्री रणबहादुर तामाङ्ग | दस्तखत |
| वडा सदस्य श्री खड्ग गुरुङ्ग | दस्तखत | वडा सदस्य श्री धनमाया एक्तेन | दस्तखत |
| वडा सदस्य श्री टेकबहादुर कटुवाल | दस्तखत | वडा सदस्य श्री खेमकुमारी खाती | दस्तखत |
| वडा सदस्य श्री फुलमाया देवान | दस्तखत | वडा सदस्य श्री दिनेश फागो | दस्तखत |
| वडा सदस्य श्री सरिता दियाली | दस्तखत | वडा सदस्य श्री भेषराज आचार्य | दस्तखत |
| वडा सदस्य श्री शेरबहादुर राई | दस्तखत | वडा सदस्य श्री प्रमिला लिम्बु | दस्तखत |
| वडा सदस्य श्री कर्णबहादुर राई | दस्तखत | वडा सदस्य श्री कुमारी लुहागुन | दस्तखत |
| वडा सदस्य श्री मन कु. मुखिया सुनुवार | दस्तखत | वडा सदस्य श्री भानु घिमिरे | दस्तखत |
| वडा सदस्य श्री कमला रनपहेली | दस्तखत | वडा सदस्य श्री नरसिंह एक्तेन | दस्तखत |
| वडा सदस्य श्री सोमनाथ राई | दस्तखत | | |

**मिति २०७४।११।२७ को निर्णय**

(१) मिति २०७४।११।२७ गतेको नगर सभा बैठकको कार्यसूची अनुसार दिउँसो ११.४५ बजे नगर प्रमुख श्री महेश बस्नेतज्यूको अध्यक्षतामा सभा प्रारम्भ गरियो ।

(२) इलाम नगरपालिकाको दोस्रो नगरसभाको सफलताको लागि सभाध्यक्षज्यूबाट शुभकामना मन्तव्य राख्न नगर सभा सदस्य श्री गीताराम विश्वकर्मा, नगर सभा सदस्य श्री नुतनदेव दुलाल र नगर सभा सदस्य श्री चित्रमाया गुरुङ्गलाई अनुमती प्रदान भई शुभकामना मन्तव्य राख्ने कार्य सम्पन्न भयो, मन्तव्यका लागि सभाध्यक्षज्यूबाट धन्यवाद ज्ञापन गर्नु भयो ।

(३) दोस्रो नगर सभा सञ्चालनका क्रममा अध्यक्षको अनुपस्थितिमा बैठक सञ्चालन गर्ने अध्यक्षताको लागि उपप्रमुख श्री सुशीला नेम्वाङ्ग, वडाध्यक्ष श्री ठाकुरनारायण श्रेष्ठ र वडाध्यक्ष श्री होमबहादुर बस्नेतलाई जिम्मेवारी दिइएको घोषणाका साथ सभाध्यक्षज्यूबाट निम्नानुसारका पदाधिकारीहरुलाई नेपालको संविधानको धारा २२६, २२८ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २० बमोजिम विधेयक प्रस्तुतिको लागि अनुमति प्रदान भए बमोजिम देहायका विधेयकहरु सभामा पेश गरियो

- वडाध्यक्ष श्री ठाकुर नारायण श्रेष्ठ – नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४
- कार्यपालिका सदस्य श्री गीताराम विश्वकर्मा – नगरपालिकाको कर्मचारी व्यवस्थापन ऐन, २०७४
- कार्यपालिका सदस्य श्री सता रिजाल – इलाम नगरपालिकाको सहकारी ऐन, २०७४

- वडाध्यक्ष श्री नुतनदेव दुलाल – इलाम नगरपालिकाको कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७४
- वडाध्यक्ष श्री होमबहादुर बस्नेत – इलाम नगरपालिकाको बजार अनुगमन ऐन, २०७४
- वडाध्यक्ष श्री श्यामकृष्ण घिमिरे – इलाम नगरपालिकाको न्यायिक समिति (कार्यविधि नियमित गर्ने) ऐन, २०७४

(४) नेपालको संविधानको धारा २१७ (१) बमोजिम गठन हुने इलाम नगरपालिकाको न्यायिक समितिका लागि ऐ धाराको उपधारा (२) बमोजिम २ जना सदस्य निर्वाचित हुनका लागि सभाध्यक्षज्यूबाट नगर सभा सदस्य श्री माधवप्रसाद भट्टराई र नगर सभा सदस्य श्री श्यामकृष्ण घिमिरेको नाम प्रस्तुत गर्नु भई नगर सभा सदस्य श्री डाकप्रसाद दुलालबाट समर्थन भएपश्चात नगर सभा सदस्य द्वय श्री माधवप्रसाद भट्टराई र श्री श्यामकृष्ण घिमिरे इलाम नगरपालिकाको न्यायिक समितिको सदस्य पदमा सर्वसम्मतबाट निर्वाचित भएको घोषणा गर्नु भयो ।

(५) मिति २०७४।११।२७ गतेको लागि निर्धारित कार्यसूचीको काम सम्पन्न भएपश्चात सभाध्यक्षज्यूबाट मिति २०७४।११।२८ गतेको शून्य समयमा समसामयिक सवालमा नगरपालिका र अन्य निकायको ध्यानाकर्षणका लागि ३ मिनटमा शिष्ट ढङ्गले आफ्नो भनाइ राख्नका लागि नाम दर्ता गराउने म्याद २०७४।११।२७ गते ५ बजेसम्मका लागि तोक्नु भई मिति २०७४।११।२८ गते दिउँसो ११ बजेसम्मको लागि सभा स्थगन भएको घोषणाका साथ दिउँसो १२.४० बजे दोस्रो नगरसभाको पहिलो दिनको कार्यसूची सम्पन्न भयो ।

आज मिति २०७४।११।२८ गतेका दिन, दिउँसो ११ बजे नेपालको संविधानको भाग १९, धारा २२३ उपधारा १ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम इलाम नगरपालिकाको दोस्रो नगरसभा इलाम नगरपालिकाका प्रमुख श्री महेश बस्नेतज्यूको अध्यक्षता तथा देहायानुसारका वडा सदस्यहरुको उपस्थितिमा बैठक बसी निम्न निर्णय गरियो ।

**उपस्थिति**

| | | | |
|---|---|---|---|
| प्रमुख श्री महेश बस्नेत | दस्तखत | वडा सदस्य श्री उदय ब. खत्री | दस्तखत |
| उपप्रमुख श्री सुशिला नेम्वाङ्ग | अनुपस्थित | वडा सदस्य श्री सिता बराल | दस्तखत |
| वडाध्यक्ष श्री अम्बिका गौतम | दस्तखत | वडा सदस्य श्री सुशीला बि.क. | दस्तखत |
| वडाध्यक्ष श्री नारदप्रसाद लम्साल | दस्तखत | वडा सदस्य श्री विष्णु सुब्बा | दस्तखत |
| वडाध्यक्ष श्री तीर्थराज गुरुङ्ग | दस्तखत | वडा सदस्य श्री ज्ञानेन्द्र निरौला | दस्तखत |
| वडाध्यक्ष श्री नूतनदेव दुलाल | दस्तखत | वडा सदस्य श्री बलिमाया घतानी | दस्तखत |
| वडाध्यक्ष श्री ठाकुरनारायण श्रेष्ठ | दस्तखत | वडा सदस्य श्री गृष्म सुब्बा | दस्तखत |
| वडाध्यक्ष श्री माधवप्रसाद भट्टराई | दस्तखत | वडा सदस्य श्री टंक ब. खत्री | दस्तखत |
| वडाध्यक्ष श्री नरेश श्रेष्ठ | दस्तखत | वडा सदस्य श्री धनबहादुर श्रेष्ठ | दस्तखत |
| वडाध्यक्ष श्री होमबहादुर बस्नेत | दस्तखत | वडा सदस्य श्री दुर्गा श्रेष्ठ | दस्तखत |
| वडाध्यक्ष श्री श्यामकृष्ण घिमिरे | दस्तखत | वडा सदस्य श्री बसन्ती घतानी | दस्तखत |
| वडाध्यक्ष श्री रोमबहादुर लुङ्गेली | दस्तखत | वडा सदस्य श्री केशव प्रसाद खत्री | दस्तखत |
| वडाध्यक्ष श्री रविन एक्तेन | दस्तखत | वडा सदस्य श्री सञ्जीव राई | दस्तखत |
| वडाध्यक्ष श्री लाखमान लिम्बू | दस्तखत | वडा सदस्य श्री गोमादेवी आचार्य | दस्तखत |
| न.का.सदस्य श्री चित्रमाया गुरुङ्ग | दस्तखत | वडा सदस्य श्री सीता नेपाली | दस्तखत |
| न.का.सदस्य श्री सीता रिजाल | दस्तखत | वडा सदस्य श्री डाकप्रसाद दुलाल | दस्तखत |
| न.का.सदस्य श्री सानु दास | दस्तखत | वडा सदस्य श्री श्रीबहादुर तामाङ्ग | दस्तखत |
| न.का.सदस्य श्री इन्दिरा पौडेल क्षेत्री | दस्तखत | वडा सदस्य श्री कमला दहाल | दस्तखत |
| न.का.सदस्य श्री सावित्री राई | दस्तखत | वडा सदस्य श्री सीता मगराती | दस्तखत |
| न.का.सदस्य श्री पृथसिं सुनुवार | दस्तखत | वडा सदस्य श्री शेरबहादुर खड्का | दस्तखत |
| न.का.सदस्य श्री श्यामकमल मुखिया | दस्तखत | वडा सदस्य श्री रुद्र बिष्ट | दस्तखत |
| न.का.सदस्य श्री गीताराम विश्वकर्मा | दस्तखत | वडा सदस्य श्री बिमला बराइली | दस्तखत |
| सचिव श्री महेन्द्रकुमार खाम्याहाङ्ग | दस्तखत | वडा सदस्य श्री धर्ममणि गौतम | दस्तखत |
| वडा सदस्य श्री पवित्रा रसाइली | दस्तखत | वडा सदस्य श्री रणबहादुर तामाङ्ग | दस्तखत |
| वडा सदस्य श्री खड्ग गुरुङ्ग | दस्तखत | वडा सदस्य श्री धनमाया एक्तेन | दस्तखत |
| वडा सदस्य श्री टेकबहादुर कटुवाल | दस्तखत | वडा सदस्य श्री खेमकुमारी खाती | दस्तखत |
| वडा सदस्य श्री फुलमाया देवान | दस्तखत | वडा सदस्य श्री दिनेश फागो | दस्तखत |
| वडा सदस्य श्री सरिता दियाली | दस्तखत | वडा सदस्य श्री भेषराज आचार्य | दस्तखत |
| वडा सदस्य श्री शेरबहादुर राई | दस्तखत | वडा सदस्य श्री प्रमिला लिम्बु | दस्तखत |
| वडा सदस्य श्री कर्णबहादुर राई | दस्तखत | वडा सदस्य श्री कुमारी लुहागुन | दस्तखत |
| वडा सदस्य श्री मन कु. मुखिया सुनुवार | दस्तखत | वडा सदस्य श्री भानु घिमिरे | दस्तखत |
| वडा सदस्य श्री कमला रनपहेली | दस्तखत | वडा सदस्य श्री नरसिंह एक्तेन | दस्तखत |
| वडा सदस्य श्री सोमनाथ राई | दस्तखत | | |

**<u>मिति २०७४।११।२८ को निर्णय</u>**

(१) मिति २०७४।११।२८ गतेको नगर सभा बैठकको कार्यसूची अनुसार दिउँसो ११.३० बजे नगर प्रमुख श्री महेश बस्नेतज्यूको अध्यक्षतामा स्वागत अभिवादनसहित सभा प्रारम्भ गरियो ।

(२) मिति २०७४।११।२७ मा प्रस्तुत इलाम नगरपालिकाको सहकारी ऐन, २०७४ को विधेयक उपर आफ्नो भनाइ राख्नका लागि सभाध्यक्षज्यूबाट मन्तव्य राख्न नगर सभा सदस्य टेकबहादुर कटुवाल र सेरबहादुर राईलाई समय प्रदान भई नगर सभा सदस्य द्वयबाट आफ्नो भनाइ राख्ने कार्य भयो ।

(३) सभाध्यक्षज्यूबाट निम्नानुसारका पदाधिकारीहरुलाई नेपालको संविधानको धारा २२६, २२८ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २० बमोजिम मिति २०७४।११।२७ को बैठकमा प्रस्तुत विधेयक निर्णयार्थ प्रस्तुतिको लागि अनुमति प्रदान भए बमोजिम देहायका विधेयकहरु निर्णयार्थ सभामा पेश गरियो ।

- कार्यपालिका सदस्य श्री सीता रिजाल – इलाम नगरपालिकाको सहकारी ऐन, २०७४
- कार्यपालिका सदस्य श्री ठाकुर नारायण श्रेष्ठ – नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४
- कार्यपालिका सदस्य श्री गीताराम विश्वकर्मा – नगरपालिकाको कर्मचारी व्यवस्थापन ऐन, २०७४

- कार्यपालिका सदस्य श्री नुतनदेव दुलाल – इलाम नगरपालिकाको कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७४
- कार्यपालिका सदस्य श्री होमबहादुर बस्नेत – इलाम नगरपालिकाको बजार अनुगमन ऐन, २०७४
- कार्यपालिका सदस्य श्री श्यामकृष्ण घिमिरे – इलाम नगरपालिकाको न्यायिक समिति (कार्यविधि नियमित गर्ने) ऐन, २०७४

(४) निर्णय नं. २ अनुसार दोस्रो नगर सभामा निर्णयार्थ प्रस्तुत निम्नानुसारका विधेयकहरू इलाम नगरपालिका, नगर सभा सञ्चालन कार्यविधि, २०७४ को नियम १६ को उपनियम १ अनुसार मत दिन्न, हुन्न, हुन्छ भन्ने ध्वनि प्रकट गर्न लगाई सभाबाट मत दिन्न र हुन्न भन्ने ध्वनि नआएको र हुन्छ भन्ने ध्वनि अभिव्यक्त भएकोले कार्यविधिको नियम १६ उपनियम २ सर्वसम्मतबाट पारित भएको व्यहोरा सभाध्यक्षज्यूबाट घोषणा गर्नु भयो ।

- इलाम नगरपालिकाको सहकारी ऐन, २०७४
- इलाम नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४
- इलाम नगरपालिकाको कर्मचारी व्यवस्थापन ऐन, २०७४
- इलाम नगरपालिकाको कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७४
- इलाम नगरपालिकाको बजार अनुगमन ऐन, २०७४
- इलाम नगरपालिकाको न्यायिक समिति (कार्यविधि नियमित गर्ने) ऐन, २०७४

(५) इलाम नगरपालिका, नगर कार्यपालिकाबाट सम्पादित कामहरुको प्रगति विवरण सभासमक्ष पेश गर्नका लागि सभाध्यक्षज्यूबाट प्रमुख प्रशासकीय अधिकृत श्री महेन्द्रकुमार खाम्याहाङ्गलाई समय प्रदान गर्नु हुँदै सभाध्यक्षको जिम्मेवारी वडाध्यक्ष श्री ठाकुरनारायण श्रेष्ठलाई दिई नगर प्रमुख श्री महेश बस्नेतज्यू सभाकक्षबाट बाहिरिनु भएपश्चात दोस्रो नगर सभाको सञ्चालन वडाध्यक्ष श्री ठाकुरनारायण श्रेष्ठबाट भयो ।

(६) इलाम नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री महेन्द्रकुमार खाम्याहाङ्गले नगरपालिकाबाट सम्पादित कामहरुको प्रगति विवरण सभासमक्ष पेश गरियो ।

(७) प्रमुख प्रशासकीय अधिकृत श्री महेन्द्रकुमार खाम्याहाङ्गको प्रस्तुतिपश्चात सभाध्यक्षको जिम्मेवारी पाउनु भएका वडाध्यक्ष श्री ठाकुरनारायण श्रेष्ठले शून्य समय सुरु भएको घोषणा गर्दै नगर सभा सदस्यहरु श्री डाकप्रसाद दुलाल, श्री गृष्म सुब्बा, श्री भानुभक्त घिमिरे, श्री बसन्ती घतानी, श्री नुतनदेव दुलाल, श्री दुर्गा श्रेष्ठ, श्री  टेकबहादुर कटुवाल, श्री कर्णबहादुर राईलाई ३ मिनटका दरले समय प्रदान गर्नु भयो । नगर सभा सदस्यहरुले आफूले बोल्ने क्रममा समयसामयिक, नगरपालिका तथा अन्य सार्वजनिक निकायले सम्बोधन गरि दिनु पर्ने निम्नानुसारका विषयवस्तु राख्नु भयो ।

- प्रमुख प्रशासकीय अधिकृतको प्रतिवेदनमा वडाको विकास गतिविधि समेटिनु पर्ने ।
- वन्यजन्तुहरुले गरेको नोक्सानी व्यवस्थापनका लागि बाँदर नियन्त्रण गर्नु वन्यजन्तुसम्बन्धी कानुन बनाउनु पर्ने ।
- इलाम अस्पतालमा दरबन्दी अनुसार डाक्टरको अभाव भएकोले सर्वसाधारणलाई समस्या ।
- विद्युतका जीर्ण पोलहरु व्यवस्थापन गर्नु पर्ने ।
- साना सहरी खानेपानी आयोजनाको मोडलका बारेमा प्रष्ट जानकारी आउनु पर्ने ।
- माइपोखरी जाने बाटो मर्मतसम्भार तथा पिच हुनु पर्ने ।
- बिप्ल्याँटे र इलाम बजार क्षेत्रको ट्राफिक व्यवस्थापनमा ध्यान जानु पर्ने ।
- अस्पताल खोल्सीको कलभर्ट विस्तार तथा नारायणस्थान मन्दिरको पानी हुने कजवे सुधार ।
- मालपोत निर्धारण कार्य भूगोलको आधारमा गरिनु पर्ने ।
- साङरुम्वा क्षेत्रको पहिरो रोकथाम हुनु पर्ने ।
- वडा सदस्यहरुलाई पारिश्रमिकको व्यवस्था हुनु पर्ने ।
- वडाको विकास निर्माण कार्यको सम्झौता वडामै सम्पन्न गराउनु पर्ने ।
- महिला र दलित सदस्यहरुको काम, कर्तव्य र अधिकार तथा सेवा सुविधाका बारेमा प्रष्ट गरि दिनु पर्ने ।
- चिया किसानहरुको हरियो पत्तीको मूल्य निर्धारण हुनु पर्ने ।
- अर्थोडक्स र अर्गानिक चियाको बजारीकरणमा ध्यान दिनु पर्ने ।
- नगरको राजश्वको दायरा फराकिलो गरेर आय बढाउनु पर्ने ।
- वडा वडामा संचार सुविधाको लागि टावरको व्यवस्था हुनु पर्ने ।
- साना सहरी खानेपानीको कार्यक्रम सफल पार्नु पर्ने ।
- मेची राजमार्गको सडक क्षेत्राधिकार सीमा घटाउनु पर्ने ।
- ६ नं.वडामा खानेपानीको समस्या भएकोले समाधान गर्नु पर्ने ।
- ६ नं. (साविकको ९ नं.) वडामा प्रति आना रु २५००।०० शुल्क विभेदकारी भएकोले हटाउनु पर्ने ।
- सडक बत्ती तथा सोलार बत्ती व्यवस्थित गर्नु पर्ने ।
- २० वर्षे सवारी विस्थापन गर्ने नीतिले व्यवसायीलाई मार्का पर्ने ।

- पर्यटकको बसाइँ लम्ब्याउन माइपोखरी बाटो पिच गर्नु पर्ने ।
- वडा कार्यालयमा कर्मचारी व्यवस्था गर्नु पर्ने ।
- बजारका व्यापारीहरुलाई विस्थापित हुनबाट रोक्नु पर्ने ।
- सामुदायिक विद्यालयलाई अंग्रेजी माध्यमबाट बोर्डिङ्ग स्कुलसँग प्रतिस्पर्धी बनाउनु पर्ने ।
- साँखेजुङ्ग स्वास्थ्य केन्द्रमा कर्मचारीको व्यवस्था तथा स्तरबृद्धि गर्नु पर्ने ।
- पिछडिएका वडाहरुलाई विकास गरेर लैजानु पर्ने ।
- विनियोजित बजेटलाई समयमै सदुपयोग गरी फ्रिज हुन नदिने व्यवस्था मिलाउनु पर्ने ।
- ग्रामीण क्षेत्रमा शिक्षाको पहुँच बढाउनु पर्ने ।
- सुम्बेकमा खानेपानीको समस्या समाधान गर्नु पर्ने ।
- सडक निर्माणमा आइ परेका बाधा व्यवधान हटाउनु पर्ने ।
- इलाम : हाम्रो गौरव कार्यक्रम सफल पार्नु पर्ने ।

(८) मिति २०७४।११।२८ गतेको लागि निर्धारित कार्यसूचीको काम सम्पन्न भएपश्चात सभाध्यक्षज्यूबाट मिति २०७४।११।२९ गते बिहान ८ बजेसम्मको लागि सभा स्थगन भएको घोषणाका साथ दिउँसो १.१६ बजे दोस्रो नगरसभाको दोस्रो दिनको कार्यसूची सम्पन्न भयो ।

आज मिति २०७४।११।२९ गतेका दिन, बिहान ८ बजे नेपालको संविधानको भाग १९, धारा २२३ उपधारा १ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम इलाम नगरपालिकाका प्रमुख श्री महेश बस्नेतज्यूको अध्यक्षता तथा देहायानुसारका वडा सदस्यहरुको उपस्थितिमा इलाम नगरपालिकाको दोस्रो नगरसभा बैठक बसी निम्न निर्णय गरियो ।

**उपस्थिति**

| | | | |
|---|---|---|---|
| प्रमुख श्री महेश बस्नेत | दस्तखत | वडा सदस्य श्री उदय ब. खत्री | दस्तखत |
| उपप्रमुख श्री सुशिला नेम्वाङ्ग | अनुपस्थित | वडा सदस्य श्री सिता बराल | दस्तखत |
| वडाध्यक्ष श्री अम्बिका गौतम | दस्तखत | वडा सदस्य श्री सुशीला बि.क. | दस्तखत |
| वडाध्यक्ष श्री नारदप्रसाद लम्साल | दस्तखत | वडा सदस्य श्री विष्णु सुब्बा | दस्तखत |
| वडाध्यक्ष श्री तीर्थराज गुरुङ्ग | दस्तखत | वडा सदस्य श्री ज्ञानेन्द्र निरौला | दस्तखत |
| वडाध्यक्ष श्री नूतनदेव दुलाल | दस्तखत | वडा सदस्य श्री बलिमाया घतानी | दस्तखत |
| वडाध्यक्ष श्री ठाकुरनारायण श्रेष्ठ | दस्तखत | वडा सदस्य श्री गृष्म सुब्बा | दस्तखत |
| वडाध्यक्ष श्री माधवप्रसाद भट्टराई | दस्तखत | वडा सदस्य श्री टंक ब. खत्री | दस्तखत |
| वडाध्यक्ष श्री नरेश श्रेष्ठ | दस्तखत | वडा सदस्य श्री धनबहादुर श्रेष्ठ | दस्तखत |
| वडाध्यक्ष श्री होमबहादुर बस्नेत | दस्तखत | वडा सदस्य श्री दुर्गा श्रेष्ठ | दस्तखत |
| वडाध्यक्ष श्री श्यामकृष्ण घिमिरे | दस्तखत | वडा सदस्य श्री बसन्ती घतानी | दस्तखत |
| वडाध्यक्ष श्री रोमबहादुर लुङ्गेली | दस्तखत | वडा सदस्य श्री केशव प्रसाद खत्री | दस्तखत |
| वडाध्यक्ष श्री रविन एक्तेन | दस्तखत | वडा सदस्य श्री सञ्जीव राई | दस्तखत |
| वडाध्यक्ष श्री लाखमान लिम्बू | दस्तखत | वडा सदस्य श्री गोमादेवी आचार्य | दस्तखत |
| न.का.सदस्य श्री चित्रमाया गुरुङ्ग | दस्तखत | वडा सदस्य श्री सीता नेपाली | दस्तखत |
| न.का.सदस्य श्री सीता रिजाल | दस्तखत | वडा सदस्य श्री डाकप्रसाद दुलाल | दस्तखत |
| न.का.सदस्य श्री सानु दास | दस्तखत | वडा सदस्य श्री श्रीबहादुर तामाङ्ग | दस्तखत |
| न.का.सदस्य श्री इन्दिरा पौडेल क्षेत्री | दस्तखत | वडा सदस्य श्री कमला दहाल | दस्तखत |
| न.का.सदस्य श्री सावित्री राई | दस्तखत | वडा सदस्य श्री सीता मगराती | दस्तखत |
| न.का.सदस्य श्री पृथसिं सुनुवार | दस्तखत | वडा सदस्य श्री शेरबहादुर खड्का | दस्तखत |
| न.का.सदस्य श्री श्यामकमल मुखिया | दस्तखत | वडा सदस्य श्री रुद्र बिष्ट | दस्तखत |
| न.का.सदस्य श्री गीताराम विश्वकर्मा | दस्तखत | वडा सदस्य श्री बिमला बराइली | दस्तखत |
| सचिव श्री महेन्द्रकुमार खाम्याहाङ्ग | दस्तखत | वडा सदस्य श्री धर्ममणि गौतम | दस्तखत |
| वडा सदस्य श्री पवित्रा रसाइली | दस्तखत | वडा सदस्य श्री रणबहादुर तामाङ्ग | दस्तखत |
| वडा सदस्य श्री खड्ग गुरुङ्ग | दस्तखत | वडा सदस्य श्री धनमाया एक्तेन | दस्तखत |
| वडा सदस्य श्री टेकबहादुर कटुवाल | दस्तखत | वडा सदस्य श्री खेमकुमारी खाती | दस्तखत |
| वडा सदस्य श्री फुलमाया देवान | दस्तखत | वडा सदस्य श्री दिनेश फागो | दस्तखत |
| वडा सदस्य श्री सरिता दियाली | दस्तखत | वडा सदस्य श्री भेषराज आचार्य | दस्तखत |
| वडा सदस्य श्री शेरबहादुर राई | दस्तखत | वडा सदस्य श्री प्रमिला लिम्बु | दस्तखत |
| वडा सदस्य श्री कर्णबहादुर राई | दस्तखत | वडा सदस्य श्री कुमारी लुहागुन | दस्तखत |
| वडा सदस्य श्री मन कु. मुखिया सुनुवार | दस्तखत | वडा सदस्य श्री भानु घिमिरे | दस्तखत |
| वडा सदस्य श्री कमला रनपहेली | दस्तखत | वडा सदस्य श्री नरसिंह एक्तेन | दस्तखत |
| वडा सदस्य श्री सोमनाथ राई | दस्तखत | | |

**मिति २०७४।११।२९ को निर्णय**

(१) मिति २०७४।११।२९ गतेको नगर सभा बैठकको कार्यसूची अनुसार बिहान ८.३३ बजे नगर प्रमुख श्री महेश बस्नेतज्यूको अध्यक्षतामा स्वागत अभिवादनसहित सभा प्रारम्भ गरियो ।

(२) सभाध्यक्षज्यूबाट स्वागत अभिवादनसँगै हिजोको शून्य समयमा नगर सभा सदस्यज्यूहरुले उठाउनु भएका कुराहरुमा ध्यानाकर्षण भएको जानकारी दिनु हुँदै नेपालको संविधान र प्रचलित कानुनको सीमा भित्र रहेर जनताप्रतिको जिम्मेवारी र दायित्वलाई पूरा गर्न र स्वच्छ समृद्ध सुसंस्कृत इलामको निर्माणमा जुटन आग्रह गर्दै पूरक बजेट ल्याउनु पर्ने कारणसहित कार्यसूची अनुसार पूरक बजेटको प्रस्ताव सभासमक्ष पेश गर्न कार्यपालिका सदस्य श्री ठाकुर नारायण श्रेष्ठलाई समय दिनु भयो ।

(३) इलाम नगरपालिकाको प्रथम नगर सभाबाट आ.ब. २०७४।०७५ को लागि रु ६४,७०,००,०००।०० को आयव्यय बजेट पारित भएकोमा सभाध्यक्षज्यूको अनुमतिले कार्यपालिका सदस्य श्री ठाकुरनारायण श्रेष्ठबाट शिक्षक र अस्पताल कर्मचारीको तलव अपुग भएको, जि.स.स. बाट झोलुङ्गे पुल हेरालुका लागि बजेट प्राप्त भएको, खेलकूद र परीक्षा शुल्कबाट रकम प्राप्त भएको लगायत केही

विकास निर्माण योजनाहरुमा परिमार्जन गर्नु पर्ने कारणले गर्दा सो रु ६४,७०,००,०००।०० को बजेटलाई रु ७१,५८,६१,०००।०० हुने गरी परिमार्जनका लागि निर्णयार्थ सभामा पेश गरियो ।

(४) मिति २०७४।११।२९ गतेको पहिलो सत्रको निर्धारित कार्यसूचीको काम सम्पन्न भएपश्चात सभाध्यक्षज्यूबाट पूरक बजेटको छलफल तथा शून्य समयमा आफ्नो विचार राख्न चाहनु हुने सदस्यहरुलाई दिउँसो १२ बजेसम्ममा नाम टिपाउन जनाउ दिई मिति २०७४।११।२९ गते दिउँसो १ बजेसम्मको लागि सभा स्थगन भएको घोषणाका साथ बिहान ९.०५ बजे दोस्रो नगरसभाको तेस्रो दिनको पहिलो सत्रको कार्यसूची सम्पन्न भयो ।

आज मिति २०७४।११।२९ गतेका दिन, दिउँसो १ बजे नेपालको संविधानको भाग १९, धारा २२३ उपधारा १ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम इलाम नगरपालिकाका प्रमुख श्री महेश बस्नेतज्यूको अध्यक्षता तथा देहायानुसारका वडा सदस्यहरुको उपस्थितिमा इलाम नगरपालिकाको दोस्रो नगरसभा बैठक बसी निम्न निर्णय गरियो ।

**उपस्थिति**

| | | | |
|---|---|---|---|
| प्रमुख श्री महेश बस्नेत | दस्तखत | वडा सदस्य श्री उदय ब. खत्री | दस्तखत |
| उपप्रमुख श्री सुशिला नेम्वाङ्ग | अनुपस्थित | वडा सदस्य श्री सिता बराल | दस्तखत |
| वडाध्यक्ष श्री अम्बिका गौतम | दस्तखत | वडा सदस्य श्री सुशीला बि.क. | दस्तखत |
| वडाध्यक्ष श्री नारदप्रसाद लम्साल | दस्तखत | वडा सदस्य श्री विष्णु सुब्बा | दस्तखत |
| वडाध्यक्ष श्री तीर्थराज गुरुङ्ग | दस्तखत | वडा सदस्य श्री ज्ञानेन्द्र निरौला | दस्तखत |
| वडाध्यक्ष श्री नूतनदेव दुलाल | दस्तखत | वडा सदस्य श्री बलिमाया घतानी | दस्तखत |
| वडाध्यक्ष श्री ठाकुरनारायण श्रेष्ठ | दस्तखत | वडा सदस्य श्री गृष्म सुब्बा | दस्तखत |
| वडाध्यक्ष श्री माधवप्रसाद भट्टराई | दस्तखत | वडा सदस्य श्री टंक ब. खत्री | दस्तखत |
| वडाध्यक्ष श्री नरेश श्रेष्ठ | दस्तखत | वडा सदस्य श्री धनबहादुर श्रेष्ठ | दस्तखत |
| वडाध्यक्ष श्री होमबहादुर बस्नेत | दस्तखत | वडा सदस्य श्री दुर्गा श्रेष्ठ | दस्तखत |
| वडाध्यक्ष श्री श्यामकृष्ण घिमिरे | दस्तखत | वडा सदस्य श्री बसन्ती घतानी | दस्तखत |
| वडाध्यक्ष श्री रोमबहादुर लुङ्गेली | दस्तखत | वडा सदस्य श्री केशव प्रसाद खत्री | दस्तखत |
| वडाध्यक्ष श्री रविन एक्तेन | दस्तखत | वडा सदस्य श्री सञ्जीव राई | दस्तखत |
| वडाध्यक्ष श्री लाखमान लिम्बू | दस्तखत | वडा सदस्य श्री गोमादेवी आचार्य | दस्तखत |
| न.का.सदस्य श्री चित्रमाया गुरुङ्ग | दस्तखत | वडा सदस्य श्री सीता नेपाली | दस्तखत |
| न.का.सदस्य श्री सीता रिजाल | दस्तखत | वडा सदस्य श्री डाकप्रसाद दुलाल | दस्तखत |
| न.का.सदस्य श्री सानु दास | दस्तखत | वडा सदस्य श्री श्रीबहादुर तामाङ्ग | दस्तखत |
| न.का.सदस्य श्री इन्दिरा पौडेल क्षेत्री | दस्तखत | वडा सदस्य श्री कमला दहाल | दस्तखत |
| न.का.सदस्य श्री सावित्री राई | दस्तखत | वडा सदस्य श्री सीता मगराती | दस्तखत |
| न.का.सदस्य श्री पृथसिं सुनुवार | दस्तखत | वडा सदस्य श्री शेरबहादुर खड्का | दस्तखत |
| न.का.सदस्य श्री श्यामकमल मुखिया | दस्तखत | वडा सदस्य श्री रुद्र बिष्ट | दस्तखत |
| न.का.सदस्य श्री गीताराम विश्वकर्मा | दस्तखत | वडा सदस्य श्री बिमला बराइली | दस्तखत |
| सचिव श्री महेन्द्रकुमार खाम्याहाङ्ग | दस्तखत | वडा सदस्य श्री धर्ममणि गौतम | दस्तखत |
| वडा सदस्य श्री पवित्रा रसाइली | दस्तखत | वडा सदस्य श्री रणबहादुर तामाङ्ग | दस्तखत |
| वडा सदस्य श्री खड्ग गुरुङ्ग | दस्तखत | वडा सदस्य श्री धनमाया एक्तेन | दस्तखत |
| वडा सदस्य श्री टेकबहादुर कटुवाल | दस्तखत | वडा सदस्य श्री खेमकुमारी खाती | दस्तखत |
| वडा सदस्य श्री फुलमाया देवान | दस्तखत | वडा सदस्य श्री दिनेश फागो | दस्तखत |
| वडा सदस्य श्री सरिता दियाली | दस्तखत | वडा सदस्य श्री भेषराज आचार्य | दस्तखत |
| वडा सदस्य श्री शेरबहादुर राई | दस्तखत | वडा सदस्य श्री प्रमिला लिम्बु | दस्तखत |
| वडा सदस्य श्री कर्णबहादुर राई | दस्तखत | वडा सदस्य श्री कुमारी लुहागुन | दस्तखत |
| वडा सदस्य श्री मन कु. मुखिया सुनुवार | दस्तखत | वडा सदस्य श्री भानु घिमिरे | दस्तखत |
| वडा सदस्य श्री कमला रनपहेली | दस्तखत | वडा सदस्य श्री नरसिंह एक्तेन | दस्तखत |
| वडा सदस्य श्री सोमनाथ राई | दस्तखत | | |

**<u>मिति २०७४।११।२९ को निर्णय</u>**

(१) मिति २०७४।११।२९ गतेको नगर सभा बैठकको कार्यसूची अनुसार दिउँसो १.२५ बजे नगर प्रमुख श्री महेश बस्नेतज्यूको अध्यक्षतामा स्वागत अभिवादनसहित सभा प्रारम्भ गरियो ।

(२) सभाध्यक्षज्यूबाट सभाध्यक्षज्यूबाट पूरक बजेटमा मन्तव्य राख्न नगर सभा सदस्य भानुभक्त घिमिरे र गृह सुब्बालाई समय प्रदान भई नगर सभा सदस्य द्वयबाट आफ्नो भनाइ राख्ने कार्य भएपश्चात समाध्यक्षज्यूबाट वडा समितिको सिफारिस र कार्यपालिकाबाट निर्णय गरी सामान्य परिवर्तन गर्न सकिने गरी मिति २०७४।११।२८ गते सभासमक्ष प्रस्तुत रु ७१,५८,६१,०००।०० संशोधनसहित रु **७१,९३,२१,०००।००** को पूरक बजेट सभासमक्ष निर्णयार्थ पेश गर्न कार्यपालिका सदस्य ठाकुरनारायण श्रेष्ठलाई समय प्रदान भई सभासमक्ष पूरक बजेटको विवरण निर्णयार्थ प्रस्तुत गर्ने कार्य भयो ।

(३) निर्णय नं. २ अनुसार दोस्रो नगर सभामा निर्णयार्थ प्रस्तुत पूरक बजेट इलाम नगरपालिका, नगर सभा सञ्चालन कार्यविधि, २०७४ को नियम १६ को उपनियम १ अनुसार मत दिन्न, हुन्न, हुन्छ भन्ने ध्वनि प्रकट गर्न लगाई सभाबाट मत दिन्न र हुन्न भन्ने ध्वनि नआएको र हुन्छ भन्ने ध्वनि अभिव्यक्त भएकोले कार्यविधिको नियम १६ उपनियम २ बमोजिम इलाम नगरपालिकाको विस्तृत विवरण

प्रमाणीकरणपश्चात सार्वजनिक गर्ने गरी आ.ब. २०७४।०७५ को रु ७१,९३,२१,०००।०० को पूरक आयव्यय बजेट सर्वसम्मतबाट पारित भएको व्यहोरा सभाध्यक्षज्यूबाट घोषणा गर्नु भयो ।

(४) शून्य समयको सभा सञ्चालनका लागि सभाध्यक्षको जिम्मेवारी वडाध्यक्ष श्री होमबहादुर बस्नेतलाई दिई नगर प्रमुख श्री महेश बस्नेतज्यू सभाकक्षबाट बाहिरिनु भएपश्चात सभाको सञ्चालन वडाध्यक्ष श्री होमबहादुर बस्नेतबाट भयो । सभाध्यक्षको जिम्मेवारी पाउनु भएका वडाध्यक्ष श्री होमबहादुर बस्नेतले शून्य समय सुरु भएको घोषणा गर्दै नगर सभा सदस्यहरु सरिता दियाली र सेरबहादुर खड्कालाई ५ मिनटका दरले समय प्रदान गर्नु भयो । नगर सभा सदस्यहरुले आफूले बोल्ने क्रममा समयसामयिक, नगरपालिका तथा अन्य सार्वजनिक निकायले सम्बोधन गरि दिनु पर्ने निम्नानुसारका विषयवस्तु राख्नु भयो ।

- इलाम जिल्लाबाट निकासी हुने कृषिजन्य उत्पादनको निकासी बन्द भएकोले बजारीकरणमा ध्यान दिनु पर्ने ।
- शैक्षिक योग्यता भएका व्यक्तिलाई जागिर र शैक्षिक योग्यता नएका व्यक्तिलाई सीपमूलक तालिमको व्यवस्था हुनु पर्ने ।
- दलितहरु अझै पनि जातभातको निहुँमा अपहेलित हुनु परिरहेको हुँदा दलितहरुको आत्मसम्मान हुने गरी कार्यक्रम ल्याउनु पर्ने ।
- खानेपानीका स्थानीय मुहानहरुलाई संरक्षण गर्नका लागि कार्यक्रम बनाउनु पर्ने ।
- सडक बत्तीलाई व्यवस्थापन गरी तदारुकताका साथ काम गर्नु पर्ने ।
- राजमार्गमा निर्माण सामग्री यत्रतत्र राख्नाले दूर्घटनाको संभावना भएको हुँदा सो व्यवस्थापन गर्नु पर्ने ।
- इलाम ९ को भन्ज्याङ्गमा पार्किङ्गको समस्या समाधान हुनु पर्ने ।
- नयाँ संरचना अनुसार वार्डका नक्सा तयार गरिनु पर्ने ।
- बाँदर नियन्त्रणको कार्यक्रम ल्याई कृषकलाई राहत दिनु पर्ने ।

(५) सभाध्यक्ष श्री होमबहादुर बस्नेतबाट सदस्यहरुले उठाउनु भएका कुराहरु लिपिबद्ध भएकोले यसलाई क्रमशः व्यवस्थापन गर्दै लैजाने विश्वास दिलाउँदै सभा १० मिनटको लागि स्थगित भएको घोषणा गर्नु भयो ।

(६) सभाध्यक्षको अनुमतिले १० मिनटको लागि स्थगित भएको सभा पुनः दिउँसो २.२५ बजे सभाध्यक्ष श्री महेश बस्नेत ज्यूबाट सुरु भई सभामा उठेका जिज्ञासाहरुको जानकारी सँग विशेष प्रस्ताव पास गरी सभा अन्त्य गर्ने जानकारी दिदै इलाम नगरपालिकाले महिला विकासका लागि गर्दै गरेका कार्यक्रम, नगर सभा सदस्यहरुको पारिश्रमिकको विषय हाल अन्तरिम व्यवस्था भएकोले प्रदेश कानुन अनुसार हुने लगायतका विषयमा संविधान र कानुनले दिएको अधिकार अनुसार काननुनसम्मत कार्य गर्नु पर्ने जानकारी दिनु भयो ।

(७) सभाध्यक्षज्यूबाट सन्दकपुर गाउँपालिका, २ नं. वडा कार्यालयको खानेपानीसम्बन्धी पत्र जानकारी भई सभाध्यक्षज्यूबाट यस विषयमा गम्भीर छलफल गरेर अगाडि बढने व्यहोरा जानकारी गराउँदै कार्यसूची अनुसार निम्नानुसारका विशेष प्रस्तावहरु पारित गर्नका लागि सभासमक्ष प्रस्ताव गर्नु हुँदा सभाबाट सर्वसम्मत ढङ्गले प्रस्ताव पारित भएकोले विशेष प्रस्ताव पारित भएको घोषणा गर्नु भयो ।

**विशेष प्रस्तावहरु**

१. हालै नेपाल सरकारले निर्णय गरेको जनप्रतिनिधि तथा कर्मचारीको मर्यादाक्रम अनुसार संवैधानिक पदमा निर्वाचित भएका जन प्रतिनिधिहरुको मानमर्दन हुनेगरी सामान्य कर्मचारीभन्दा तल मर्यादाक्रम कायम गरी अपमानित गर्ने कार्य भएकोले मर्यादा क्रम खारेज गरी सम्मानपूर्वकको मर्यादाक्रम तय गर्न नेपाल सरकारलाई अनुरोध गर्ने निर्णय गर्दछ ।

२. इलाम नगरपालिकाको वडा नं.९ प्रगतिनगर भन्ज्याङ्गदेखि इ.न.पा. वडा नं. ११ सोयाक खण्ड, बेलासे पुल हुदै दानावारी विर्तामोडसम्मको सडकलाई इलामको द्रुतमार्गको रुपमा विकास गर्न यसै वर्षदेखि बजेट तथा कार्यक्रममा समावेस गर्न इलाम नगरपालिका जोडदार माग गर्दछ ।

३. इलाम नगरपालिका वडा नं. १ साखेजुङ्गमा सञ्चालनमा आएको सि.टि.इ.भि.टि.अन्तर्गतको रत्न कुमार वान्तवा पोलिटेक्निक इन्स्टिच्युटमा भेटेरेनरी साइन्सको कक्षा सञ्चालन भइरहेकोमा आगामी शैक्षिक सत्र देखि नर्सिङ्ग, एच.ए., वन विज्ञान र इन्जिनियरिङ्ग कक्षा समेत सञ्चालनका लागी सम्बन्धित निकायमा माग गर्ने निर्णय गर्दछ ।

४. इलाम नगरपालिका वडा नं.७ मा रहेको आदर्श मा.वि.मा विज्ञान संकाय तर्फ १२ कक्षासम्मको अध्यापन विगत लामो समयदेखि भइरहे पनि विज्ञान संकायमा स्नातक तहको कार्यक्रम सञ्चालन हुन सकिरहेको छैन । मेची अञ्चलको पहाडी जिल्लाको आवश्यकतालाई मध्यनजर गर्दा विज्ञान संकायमा स्नातक तहको अध्यापन गर्न उपयुक्त देखिएकोले सो कार्यक्रम सञ्चालन गर्न आदर्श मा.वि. लाई अनुरोध गर्दै कार्यक्रम सञ्चालन गर्न इलाम नगरपालिकाले पूर्ण रुपमा सहयोग गर्ने प्रतिवद्धता यो बैठक व्यक्त गर्दछ ।

५. आधारभूत तहको शिक्षा अनिवार्य शिक्षाको रुपमा रहेको कानूनी व्यवस्थालाई कार्यान्वयन गर्न आम अभिभावक वर्गमा यो बैठक आव्हान गर्दछ ।

६. खेलकुद क्षेत्रको सम्भावनालाई उजागर गर्दै खेलकुदको विकास गर्न इलाम नगरपालिका वडा नं १० राजदुवालीमा प्रस्ताव गरिएको माई भगवती रंगशाला निर्माणका लागि संघीय सरकारलाई अनुरोध गर्ने यो बैठक निर्णय गर्दछ ।

७. इलाम सदरमुकाम स्थापना भएको २०० वर्षको अवसरमा आयोजना गरिने कार्यक्रममा सहयोग गर्नका लागी पूर्व प्रधानमन्त्री तथा माननीय सांसद झलनाथ खनाल, संविधान सभाका अध्यक्ष तथा व्यवस्थापिका संसदका पूर्व सभामुख माननीय सुवासचन्द्र नेम्बाङ्ग, राष्ट्रिय सभा सदस्य माननीय अगमप्रसाद वान्तवा, प्रतिनिधि सभाका माननीय सदस्य सुजाता परियार, प्रतिनिधि सभाका सदस्य सानु शिवा (पहाडी), प्रदेश सभाका माननीय सभासद रामबहादुर राना, प्रदेश सभाका माननीय सभासद काजिमान कागते, प्रदेश सभाका माननीय सभासद धिरेन्द्र शर्मा रमण, प्रदेश सभाका माननीय सभासद खिनु लङ्गवा, पूर्व मन्त्री तथा पूर्व सांसद ज्यूहरु, जिल्ला समन्वय समिति इलामका प्रमुख श्री गणेशप्रसाद बराल, इलाम जिल्लाका सवै स्थानीय तह, राजनैतिक दलका प्रमुख ज्यूहरु, सरकारी कार्यालयका प्रमुख ज्यूहरु, सुरक्षा निकायका प्रमुख ज्यूहरु, सामाजिक, राजनैतिक, शैक्षिक सञ्चार, निर्माण,

धार्मिक, खेलकुद, पर्यटन, साहित्य कला संगित, यातायात लगायत सम्पूर्ण नगरवासी दाजुभाई दिदिबहिनीहरुलाई यस कार्यक्रममा महत्वपूर्ण सहभागिता जनाई कार्यक्रम सफल बनाईदिनुहुन यो बैठक हार्दिक आव्हान गर्दछ ।

८. इलाम सदरमुकाममा सञ्चालन भइरहेको इलाम जिल्ला अस्पताल ५० शैयाको अस्पतालको रुपमा स्वीकृत भई १६ जना चिकित्सकको दरबन्दी भएपनि  लामो समयदेखि सो दरबन्दी अनुसार चिकित्सक नआइरहेको हुँदा स्वीकृत दरबन्दी अनुसारका चिकित्सक तथा अन्य जनशक्ति र औषधि उपकरण समेत तत्काल उपलब्ध गराउने व्यवस्था गरिदिनका लागि संघीय सरकारलाई अनुरोध गर्ने यो बैठक निर्णय गर्दछ ।

९. इलाम नगरपालिका वडा नं. ७ मा सञ्चालित महेन्द्र रत्न बहुमुखी क्याम्पसलाई फूल तथा वागवानी विषयको अध्ययन, अध्यापन र अनुसन्धान गर्ने शैक्षिक संस्थाका रूपमा विकास गर्न डिम विश्वविद्यालय बनाउन १ नं. प्रदेश सरकारसँग अनुरोध गर्ने यो बैठक निर्णय गर्दछ ।

१०. नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐनको व्यवस्था अनुसार स्थानीय तहमा कर्मचारी पठाउने जिम्मेवारी संघीय सरकारले गर्ने व्यवस्था भएपनि हालसम्म कर्मचारी नआएको र स्थानीय तहलाई कर्मचारी भर्ना गर्ने कानूनी व्यवस्था समेत नभएको हुदा दक्ष जनशक्तिका अभावका कारण स्थानीय तहको काम प्रभावकारी ढङ्गले अगाडि बडाउन सकिएको छैन अतः यसबाट आम नागरिकले प्राप्त गर्नुपर्ने सेवा सुविधा प्राप्त गर्नबाट नागरिकहरु वञ्चित भइरहेका छन । यस स्थितिको अन्त्यका लागि संघीय सरकारले तत्काल कर्मचारी व्यवस्था गरीदिन हुन, सो व्यवस्था हुन नसके स्थानीय तहलाई नै सेवा करारमा कर्मचारी नियुक्त गर्ने व्यवस्था गरिदिन हुन यो बैठक हार्दिक आव्हान गर्दछ ।

११. विगतदेखि स्थानीय निकायलाई उपलब्ध गराउदै आएको मालपोत रजिष्ट्रेशन र जिल्ला निकासी तथा ढुङ्गा गिटी वालुवाबाट प्राप्त हुने रकम हाल संघीय सरकारले स्थानीय तहलाई उपलब्ध नगराई जिल्ला समन्वय समितिको खातामा रोक्का राखेको कारण पहिलो नगरसभाबाट पारित भएका आय व्ययमा नकरात्मक असर पर्न गएको छ । यस कुरालाई मध्यनजर गरी उक्त रकम तत्काल निकासा गरिदिनहुन नेपाल सरकारलाई यो बैठक माग गर्दछ ।

१२. आ.ब. २०७४।०७५ को चालु खर्चतर्फ विनियोजित बजेटको कुल रकममा नबढने गरी खर्च शीर्षकमा विनियोजित बजेट कार्यालयका सचिवको प्रतिवेदनका आधारमा रकमान्तर वा शीर्षक हेरफेर गर्न नगर प्रमुखज्यूलाई अधिकार प्रत्यायोजन गर्ने तथा वडामा स्वीकृत कुनै कार्यक्रम सञ्चालन हुन नसक्ने भएमा सम्बन्धित वडा समितिको सिफारिसका आधारमा कार्यपालिकाबाट संशोधन गरी कार्यान्वयन गर्न तथा एकमुस्ट प्रस्तावनाका आधारमा कार्यक्रम सञ्चालन गर्न विनियोजित बजेट प्रमुखज्यूबाट कार्यक्रम स्वीकृत गराई कार्यान्वयन गर्न समेत निर्णय गरियो ।

१३. झापा जिल्ला क्षेत्र नं. ५ बाट निर्वाचित माननीय सांसद के.पि. शर्मा ओली नेपाल सरकारको गरिमामय प्रधानमन्त्री पदमा तीन चौथाई मतका साथ निर्वाचित हुनु भएकोमा हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्ने निर्णय यो बैठक गर्दछ ।

१४. भोजपुर जिल्लाबाट निर्वाचित प्रदेश सभाका सभासद माननीय शेरधन राई प्रदेश नं. १ को पहिलो मुख्यमन्त्री पदमा निर्वाचित हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्ने निर्णय यो बैठक गर्दछ ।

(८) इलाम नगरपालिका, आर्थिक विनियोजन ऐन, २०७४ को दफा २ को उपदफा (१) मा भएको व्यवस्थालाई "(१) आर्थिक वर्ष २०७४।०७५ को निमित्त इलाम नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालु खर्च, पूँजीगत खर्च र वित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु ७१,९३,२१,०००।०० ( एकहत्तर करोड त्रियनब्बे लाख एककाईस हजार ) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।" कायम गरी संशोधन गर्ने निर्णय सर्वसम्मत निर्णय गरियो ।

(९) इलाम नगरपालिका, नगर कार्यपालिकाको मिति २०७४।६।४ को निर्णयबाट मिति २०७४।४।१ देखि लागू हुने गरी स्वीकृत इलाम नगरपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरुको निम्नानुसारको सुविधा सम्बन्धी निम्नानुसारको नर्म्स अनुमोदन गर्ने निर्णय गरियो ।

निम्नः

क) पदाधिकारीहरुको मासिक पारिश्रमिक (दर्शै खर्चसहित)

१. प्रमुख ४०,०००।००

२. उपप्रमुख ३०,०००।००

३. वडाध्यक्ष रु २३,६००।००

४. कार्यपालिका सदस्य रु १२,५००।००

ख) करार सेवाका कर्मचारीहरुको सेवा, सुविधा कार्यालयका अधिकारप्राप्त अधिकारीले स्वीकृत गरेअनुसार हुने (१ वर्षमा दुई पटकभन्दा बढी निर्णय गर्न नमिल्ने)

ग) बैठक भत्ता (प्रति बैठक/प्रति व्यक्ति आमन्त्रित समेत)

१. कार्यपालिका रु १,०००।००

२. मुचुल्का बैठक रु १,०००।००

३. वडा समिति रु १,०००।००

४. कार्यपालिकाअन्तर्गतका समिति, उपसमिति रु १,०००।००

५. प्रमुख, उपप्रमुख वा प्रमुख प्रशासकीय अधिकृतले अध्यक्षता गर्ने विविध बैठक रु १,०००।००

६.. पदपूर्ति समिति रु १,५००।००

७. बोलपत्र मूल्याङ्कन समिति रु १,०००।००

घ) पदाधिकारी दैनिक भत्ता र यातायात खर्च (जिल्ला बाहिर)

१. प्रमुख, नेपाल सरकार प्रथमस्तरको
२. उपप्रमुख, नेपाल सरकार द्वितीयस्तरको
३. अन्य पदाधिकारी, नेपाल सरकार तृतीयस्तरको
४. नगरसभा र नगर कार्यपालिका बैठकमा सहभागी हुँदा प्रतिपटक रु ५००।००
ङ) खाजा खर्च/खाना खर्च
१. खाजा प्रति बैठक प्रति इकाइ रु ३००।०० सम्म
२. खाना प्रति बैठक प्रति इकाइ रु ५००।०० सम्म
३. विविध कार्यक्रमको हकमा अधिकारप्राप्त अधिकारीले स्वीकृत गरेको प्रस्तावना अनुसार
च) सहजीकरण भत्ता र स्टेसनरी खर्च
१. प्रमुख समेतका पदाधिकारीलाई जिल्लाबाहिरबाट आउने व्यक्तिबाट सहजीकरण प्रति कक्षा रु १०,०००।००
२. प्रमुख समेतका पदाधिकारीलाई जिल्लाभित्रका सहजकर्ताबाट हुने सहजीकरण प्रति कक्षा रु रु ७,०००।००
३. तालिम कार्यक्रमका संयोजकलाई प्रति तालिम रु १०००।००, सहयोगी रु ५००।००
४. प्रति सहभागी स्टेसनरी खर्च रु २००।०० मा नबढाई
५. अन्यको हकमा अधिकारप्राप्त अधिकारीबाट स्वीकृत भए अनुसार हुने
छ) अतिरिक्त पारिश्रमिक : बजेटको सीमाभित्र रही कामको औचित्य हेरी अधिकारप्राप्त अधिकारीबाट स्वीकृत भए अनुसार हुने ।
ज) यातायातका लागि रिजर्भ गाडी र उल्लिखित नर्म्समा उल्लेख भएदेखि बाहेकमा अधिकार प्राप्त अधिकारीले स्वीकृत गरे अनुसार हुने ।
झ) परामर्श सेवा र संस्थागत सेवा करार सम्बन्धमा अधिकार प्राप्त अधिकारीले स्वीकृत गरे अनुसार हुने ।

(१०)इलाम नगरपालिका, आर्थिक विनियोजन ऐन, २०७४ को दफा २ को उपदफा (१) को साविक अनुसूची–१ लाई संशोधन गरी देहायानुसार कायम गर्न सर्व सम्मत निर्णय गरियो ।

अनुसुची - १
दफा २ (१) सँग सम्बन्धित
नेपालको संविधानको धारा २२९(२) बमोजिम
सञ्चित कोषबाट विनियोजन हुने रकम

| क्र. स. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजीगत खर्च | वित्तीय व्यवस्था | कूल जम्मा बजेट | कैफियत |
|---|---|---|---|---|---|---|---|
| 1= | समानीकरण , आन्तरिक आय र अन्य | नगर कार्यपालिका ( वडा कार्यालयसमेत) | 92483000 | 296982220 | 8456780 | 397922000 | |
| 2= | सशर्त अनुदान | सामाजिक सुरक्षा भत्ता | 60260000 | 0 | 0 | 60260000 | |
| 3= | सशर्त अनुदान | विषयगत कार्यालयहरु | | | | | |
| | | जिल्ला शिक्षा कार्यालय | 204013000 | 0 | 0 | 204013000 | |
| | | कृषि विकास | 1280000 | 0 | 0 | 1280000 | |
| | | पशु सेवा विकास | 591000 | 0 | 0 | 591000 | |
| | | जनस्वास्थ्य, अस्पताल र आयुर्वेद औधालय | 55255000 | 0 | 0 | 55255000 | |
| **s"n hDdf ?=** | | | **413882000** | **296982220** | **8456780** | **71,93,21,000** | |

(११) विशेष प्रस्ताव पारित भएको घोषणापश्चात सभाध्यक्षज्यूबाट संघीय तथा प्रदेश सरकारबाट अनुदान सिलिङ्गको जानकारी प्राप्तिपछि आ.ब. २०७५।०७६ को योजना छनौटको कार्य सुरु गर्ने जानकारी गराउँदै नगर सभाको निर्णय कार्यान्वयन गर्न सफलता मिलोस, सबैमा उत्साह थपिएको छ, यसलाई शक्तिमा बदलेर काम गरौ भन्ने शुभकामनासाथ आगामी असारमा तेस्रो नगर सभामा भेट हुने गरी इलाम नगरपालिकाको दोस्रो नगर सभा अपरान्ह २.५८ बजे अन्त्य भएको घोषणा गर्नु भयो ।